आकाशवाणी गान्तोक

24.5.2025

## Mann Ki Bat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजी आकाशवाणीबाट मन की बात कार्यक्रममा आफ्ना विचारहरू साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 122 औं श्रृङ्खला हुनेछ। यो कार्यक्रम आकाशवाणी र दूरदर्शनका सम्पूर्ण नेटवर्कमा प्रत्यक्ष प्रसारण हुनेछ। आकाशवाणीबाट हिन्दी प्रसारण भएपछि मन की बात कार्यक्रम क्षेत्रीय भाषाहरूमा पनि प्रसारण हुनेछन्।

## Preparations for PM VISIT

प्रधानमन्त्री श्री नरेन्द्र मोदीको आउँदो 29 मईमा हुने सिक्किम भ्रमणलाई लिएर राज्यमा उत्साहको वातावरण छ। चारैतिर प्रधानमन्त्रीको स्वागतको भव्य तयारी भइरहेका छन्। यसैबीच आज, राज्य सरकारको एउटा उच्चस्तरीय टोलीले पाल्जोर स्टेडियममा भइरहेको तयारीको अवलोकन गऱ्यो। निरीक्षण टोलीको नेतृत्व मुख्यमन्त्रीका राजनीतिक सचिव श्री विकास बस्नेतले गर्नुभएको थियो।

## Fisheries Secretaries Conference

सिक्किमले जैविक मत्स्यपालनलाई उच्च प्राथमिकता दिएको मत्स्यपालन विभागकी सचिव श्रीमती रोशनी राईले बताउनुभएको छ। शुक्रबार नयाँ दिल्लीमा आयोजित मत्स्यपालन सचिवहरूको सम्मेलनमा बोल्दै श्रीमती राईले भन्नुभयो, यसका निम्ति सिक्किम सरकारको मत्स्यपालन विभागले जैविक जलीय कृषि गतिविधिहरूको एउटा योजना प्रतिवेदन तयार गरेको छ र सोरेङ क्लस्टरमा जैविक मत्स्यपालन विकासको लागि तीन वर्षे कार्य योजनाको मस्यौदा तयार पारेर भारत सरकारलाई पठाइसकेको छ।

सम्मेलनमा सचिव श्रीमती राईले प्रधानमन्त्री मत्स्य सम्पदा योजनाको कार्यन्वयन विषयमा जानकारी दिँदै भन्नुभयो, सिक्किम सीमित संख्यामा माछापालक किसानहरू भएको सानो राज्य भए तापनि किसानहरूलाई किसान क्रेडिड कार्ड प्रदान गरेर प्रोत्साहित गरिँदैछ। सम्मेलनमा सिक्किमको प्रतिनिधित्व सचिव श्रीमती रोशनी राई अनि प्रधानमन्त्री मत्स्य सम्पदा योजनाका सहायक निर्देशक एवम् नोडल अधिकारी श्री सुरेन्द्र भण्डारीले गर्नुभएको थियो। सम्मेलनमा सिक्किमले गरेका प्रयासहरूको प्रशंसा गर्दै केन्द्रिय मत्स्यपालन विभागका सचिव डा. अभिलाक्ष लेखीले सिक्किममा मत्स्यपालन क्षेत्रलाई अझ सुदृढ पार्न केन्द्र सरकारबाट पूर्ण सहयोग दिने आश्वासन दिनु भयो।

## Kabir Mandir

राज्यका धर्म मामिला मन्त्री श्री सोनाम लामाले आज गान्तोक जिल्लाको तुमिन लिङ्गी निर्वाचन क्षेत्र अन्तर्गत खेसे गाउँमा नवनिर्मित कबीर मठको उद्घाटन गर्नुभयो। यस अवसरमा क्षेत्र विधायक श्री सामडुप छिरिङ भोटिया, गान्तोक जिल्लाका पञ्चायत अध्यक्ष श्री बलराम अधिकारी तथा अन्यको उपस्थिति रहेको थियो।

## Ram Patro Award

वरिष्ठ पत्रकार एवम् सुमिट टाइमस-का सम्पादक श्री पुरण तामाङलाई यस वर्षको प्रतिष्ठित राम पात्रो स्मृति पत्रकारिता पुरस्कारले सम्मानित गरिएको छ। यसरी नै  गेजिङ जिल्लाका युवा पत्रकार श्री कुशहाङ लिवाङलाई सर्वोत्कृष्ट श्रमजीवी पत्रकार पुरस्कारले विभूषित गरिएको छ। आज गान्तोकमा आयोजित एक कार्यक्रममा लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बा अनि विधायक श्रीमती कला राईले दुवै पत्रकारलाई सम्मानित गर्नुभएको थियो। कार्यक्रममा गान्तोकका विधायक श्री दिले नामग्याल बरफुङपाको पनि उपस्थिति रहेको थियो।

## Weather Report

स्थानीय मौसम विज्ञान विभागले दिएको जानकारी अनुसार सिक्किम एवम् पश्चिम बङ्गालको उप हिमालय क्षेत्रमा आउँदो दुई-तीन दिनभित्रमा दक्षिण पश्चिम मनसुनको आगमन हुनेछ। यसैबीच, दक्षिण पश्चिम मनसुन आज अरब सागर हुँदै केरलमा प्रवेश भइसकेको छ। अर्कोतिर बितेको 24 घण्टामा गान्तोक तथा वरिपरीको अधिकतम तापमान 20 दशमलव 8 डिग्री सेल्सियस अनि न्युनतम तापमान 17 डिग्री सेल्सियस रेकर्ड गरियो। वर्षा 0 दशमलव 2 मिलीमिटर रेकर्ड गरिएको छ।